नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरबार,

काठमाडौं, नेपाल ।

## मनसुनजन्य विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य सम्बन्धी विज्ञप्ति

मिति २०७८/०३/१७ गते माननीय उपप्रधानमन्त्री एवम् गृहमन्त्री विष्णु प्रसाद पौडेलज्यूको अध्यक्षतामा विपद् व्यवस्थापनसँग सरोकार राख्ने विषयगत मन्त्रालयका सचिव, सुरक्षा निकायका प्रमुखहरू तथा विभागीय प्रमुखहरू उपस्थित बैठकमा मनसुनजन्य विपद्बाट हालै भएको क्षतिको विस्तृत रूपमा समीक्षा गरिएको छ । बैठकमा गृह मन्त्रालयका तर्फबाट मनसुनजन्य विपद्बाट हालसम्म भएका मानवीय तथा भौतिक क्षतिको विवरण, खोज, उद्धार तथा राहतका लागि भएका प्रयासहरूको बारेमा प्रस्तुति भयो । साथै विभिन्न विषयगत मन्त्रालय तथा निकायहरुबाट आ-आफ्नो क्षेत्रमा भएको क्षतिको प्रारम्भिक विवरण प्रस्तुत गरी विपद् प्रतिकार्यका प्रयास र पुनर्निर्माण तथा पुनर्स्थापनाका कार्ययोजनाका सम्बन्धमा समेत विस्तृत छलफल भयो । बैठकमा तत्काल राष्ट्रिय राजमार्ग, विद्युत, सञ्चार लगायतका अत्यावश्यक सेवाहरू तत्काल सुचारू गर्न भए गरेका प्रयासहरूको समेत समिक्षा गरियो ।

छलफलका क्रममा सिन्धुपाल्चोकको हेलम्बु क्षेत्र र मनाङ्गमा अवरूद्ध भएको टेलिफोन सेवा तत्काल भि-स्याट प्रविधिमार्फत सुचारू गर्न उपकरणहरू पठाउने, मेलम्ची खानेपानी आयोजनाको हेडवर्क्ससम्म जाने पहुँच मार्ग र पुलहरूको क्षति भएकोले सो को तत्काल पुननिर्माण गर्नका लागि २ वटा बेलीब्रिज निर्माण गरी पहुँच मार्ग पुननिर्माण गर्ने, हेडवर्क्समा भएको क्षतिको मर्मत सम्भार गर्ने जस्ता महत्त्वपूर्ण कार्यहरू सम्बन्धित निकायले प्रारम्भ गरिसकेको व्यहोरा जानकारी गराइयो । बैठकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव लगायत अन्य सबै सरोकारवाला निकायका प्रमुखहरुज्यूहरुले यस विपद्को घडिमा प्रभावितहरुको राहत तथा उद्दार, निजी आवास पुनर्निर्माण जस्ता कार्यमा उच्च प्राथमिकताका साथ विषयगत जिम्मेवारी निर्वाह गर्ने प्रतिबद्धता समेत जनाउनु भएको छ ।

माननीय उपप्रधानमन्त्री एवम् गृह मन्त्रीज्यूले अवरूद्ध सेवाहरू तत्काल सुचारू गर्ने, क्षति भएका सार्वजनिक पूर्वाधार तथा संरचनाको पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धमा ३ दिनभित्र कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउन विषयगत निकायहरूलाई निर्देशन दिनुभएको छ साथै विपद्बाट हुन सक्ने जनधनको क्षतिलाई कम गर्न खोज, उद्धार र राहतका कामहरू समन्वयात्मक र प्रभावकारी ढङ्गले उच्च प्राथमिकताका साथ अगाडि बढाउन सम्बद्ध सबै जिम्मेवार निकायहरूलाई निर्देशन दिनुभएको छ ।

मितिः २०७८/०३/१७

जनकराज दाहाल

सहसचिव/प्रवक्ता